# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

**प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फका स्वास्थ्य वाहेकका कार्यक्रमहरुको प्रशिक्षार्थी छनोटको योग्यताक्रमको सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना (सूचना प्रकाशित मिति २०८२|०५|०१)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८२/०३/२२ गते तथा २०८२/०४/११ गते प्रकाशित सूचना अनुसार प्रि- डिप्लोमा र डिप्लोमा/ प्रमाणपत्र तहका कार्यक्रमहरुमा वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ अध्ययनको लागि तोकिएको म्याद भित्र रितपूर्वक पर्न आएका अनलाईन आवेदन फाराम मध्ये **"प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृति विवरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२"** बमोजिम रुजु गरी एस.एल.सी /एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए का आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रमानुसार मिति २०८२/०५/०१ गतेको निर्णय बमोजिम मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेद्धार सहितको योग्यताक्रम र रद्द गरिएका आवेदकहरुको सुची समेत प्रकाशीत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। मुख्य उम्मेद्धारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेद्धारहरु मिति २०८२/०५/१० गते मंगलबार कार्यालय समय भित्र आफ्नो Application Acceptance Card, योग्यताक्रम सूचीको प्रति, शैक्षिक योग्यताको सक्कल प्रमाण पत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्र , पासपोर्ट साईजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराईन्छ। साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ। साथै भर्नाको लागि तोकिएका शिक्षालयमा कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्म भर्ना हुन नआएका उम्मेदवारहरुको जानकारी परिषद् लुम्बिनी प्रदेश कार्यालयको इमेल ठेगाना exam.ctevtp5@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा २० बमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु हुन अनुरोध छ।

**निर्देशक**